संघीय संसद

**प्रतिनिधि सभा**

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल गरी तयार गरिएको प्रतिवेदन ।

सम्माननीय सभामुखज्यू,

प्रतिनिधि सभा ।

सम्माननीय सभामुख महोदय,

प्रतिनिधि सभाको मिति २०७५ भदौ ४ गतेको बैठकले उपभोक्ता संरक्षण सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ माथि प्राप्त संशोधनसहित दफावार छलफलको लागि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा पठाउने निर्णय भए बमोजिम यो विधेयक यस समितिमा मिति २०७५/५/५ मा प्राप्त भएको थियो । समितिले उक्त विधेयकमा सरोकारवाला निकायहरूसँग छलफल गरी सैद्धान्तिक तथा दफावार छलफल गरेको थियो । नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४४ मा व्यवस्था भएको उपभोक्ताको हक सम्वन्धी व्यवस्था अनुरुप सो हकलाई कार्यान्वयनमा लैजान तथा आम उपभोक्तालाई संविधान प्रदत्त मौलिक हकको प्रत्याभूत गर्न, नेपाल सरकारले ल्याएको विधेयकलाई समितिमा दफावार छलफल गरी तयार गरिएको प्रतिवेदनलाई समितिको २०७५/५/२७ गते बसेको बैठकले सर्वसम्मतिले पारित गरेको छ ।

प्रस्तुत विधेयकले मुलभूत विशेषताहरुको रुपमा प्रस्तावनामा संविधान प्रदत्त उपभोक्ता सम्वन्धी हकको प्रचलनको लागि न्यायीक उपचार प्रदान गर्नुको साथै उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी वापत क्षतिपूर्ति उपलव्ध गराउने व्यवस्थालाई समेटेको, वस्तु र सेवाको गुणस्तरको मापदण्ड निर्धारण गरिएको, उपभोक्ताको अधिकार उल्लेख गर्दै उत्पादकदेखि सेवा प्रदायकको दायित्व समेत तोकिएको, बजारमा राज्यको उपस्थिति बढाउन सम्वन्धित निकायहरुलाई थप जिम्वेवार र अधिकार सम्पन्न बनाइएको, उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्न अलग्गै उपभोक्ता अदालतको व्यवस्था गरिएको,

उपभोक्ताको हित संरक्षण सम्वन्धी नीति निर्माण गर्न उपभोक्ता संरक्षण परिषद, निरीक्षण तथा अनुगमनको लागि केन्द्रीय, प्रदेश र स्थानीय अनुगमन समितिहरुको संरचनागत व्यवस्था गरेको छ ।

यो विधेयक पारित गर्ने काममा सहयोग पुर्याउनु हुने समितिका सम्पूर्ण सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालयका पदाधिकारीहरू, सरोकारवाला समूह, संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव, सचिवालय सचिवहरू, समिति सचिवालयका सम्पूर्ण कर्मचारीहरू एवं पत्रकारहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

अब म उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल गरी समितिबाट पारित गरिएको प्रतिवेदन प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२० बमोजिम यस सम्मानित सदन समक्ष पेश गर्दछु ।

धन्यवाद ।

मितिः २०७५।०५।२८

(मुकुन्द न्यौपाने)
जेष्ठ सदस्य
उद्योग तथा वाणिज्य र श्रम तथा
उपभोक्ता हित समिति

# उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ माथि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन

१. उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) मा रहेका "दफा ४०" भन्ने शव्दहरूको सट्टा "दफा ४१" भन्ने शव्दहरू राख्ने ।

(२) खण्ड (झ) मा रहेका "दफा ३१" भन्ने शव्दहरूको सट्टा "दफा ३२" भन्ने शव्दहरू राख्ने ।

(३) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(ञ) "परिषद" भन्नाले दफा २२ को उपदफा (१) बमोजिम गठन हुने उपभोक्ता संरक्षण परिषद् सम्झनु पर्छ।"

(४) खण्ड (ट) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राख्नेः-

"(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(५) विधेयकको खण्ड (ड) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (ढ) पछि देहायको खण्ड (ण) थप्नेः

"(ण) "वस्तुको मूल्य" भन्नाले उत्पादन गर्दा तोकिएको मूल्य, लेबल लगाइएको मूल्य, एम.आर.पी, आयात-प्रज्ञापन पत्रमा तोकिएको मूल्य वा उत्पादकले स्रोत मै तोकेको मूल्य सम्झनु पर्छ।"

(६) खण्ड (ढ) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (त) मा रहेका "कम्पनी, संस्था" भन्ने शव्दहरूको सट्टा पछि "कम्पनी वा संस्था" भन्ने शव्दहरु राख्ने।

(७) खण्ड (त) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (द) मा रहेको "स्वास्थ्य" भन्ने शव्द पछि "शिक्षा तथा परामर्श" भन्ने शव्दहरु थप्ने।

(८) खण्ड (थ) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (ध) को उपखण्ड (४) पछि देहायको उपखण्ड (५) थप्नेः-

"(५) बौद्धिक सम्पत्तिको अधिकार प्राप्त उत्पादन कम्पनीले उत्पादन गरेकोभन्दा फरक वा चोरी वा नक्कल गरेको उत्पादन।"

२. विधेयकको दफा ३ को उपदफा (२) को खण्ड (ख) मा रहेको "मूल्यमा" भन्ने शब्द पछि "गुणस्तरीय" भन्ने शव्द थप्ने।

३. विधेयकको दफा ४ को उपदफा (२) को,-

(१) खण्ड (घ) मा रहेको "मूल्य" भन्ने शब्द पछि "निर्धारण वा" भन्ने शब्दहरु थप्ने,

(२) खण्ड (च) को शुरुमा "कुनै विशेष परिस्थितिमा वा" भन्ने शब्दहरु थप्ने।

४. विधेयकको दफा ६ को उपदफा (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने :-

"तर पैठारी भएका तरकारी र फलफूलमा लेबल लगाउनु पर्नेछ ।"

५. विधेयकको दफा ११ को खण्ड (ग) मा रहेका "ठाउँमा बुझिने" भन्ने शब्दहरुको सट्टा "बुझ्ने" भन्ने शब्द राख्ने।

६. विधेयकको दफा १३ को सट्टा देहायको दफा १३ राख्नेः-

"**१३. <u>बजारको तह निर्धारण गर्नेः</u>** उपभोक्ता अधिकार संरक्षण गर्ने, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्ने तथा बजारलाई स्वच्छ तथा पारदर्शी बनाउने प्रयोजनका लागि तोकिएको वस्तु वा सेवा

सम्बन्धित उत्पादक वा पैठारीकर्तादेखि अन्तिम उपभोक्ता सम्म पुऱ्याउँदा संलग्न हुने बजारको तह तोकिए बमोजिम हुनेछ।"

७. विधेयकको दफा १४ को उपदफा (३) र (४) रहेको "उपभोग्य" भन्ने शव्द भिक्ने ।

८. विधेयकको दफा १६ को उपदफा (२) को खण्ड (ण) मा रहेको "आपूर्तिकर्ता" भन्ने शव्दको सट्टा "पैठारीकर्ता" भन्ने शव्द राख्ने ।

९. विधेयकको दफा २२ को उपदफा (२) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नेः-

"(ग) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य"

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपी त्यस पछिको खण्डक्रम मिलाउनेः-

"(घ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय -सदस्य"

(३) खण्ड (ज) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (झ) पछि देहायका खण्ड (ञ), (ट) र (ठ) थपी त्यस पछिको खण्डक्रम मिलाउनेः-

"(ञ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स -सदस्य

(ट) अध्यक्ष, नेपाल उद्योग परिसंघ -सदस्य

(ठ) अध्यक्ष, नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघ -सदस्य"

(४) खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ड) मा रहेको "दश" भन्ने शव्दको सट्टामा "पाँच" भन्ने शव्द राख्ने।

१०. विधेयकको दफा २३ को उपदफा (४) पछि देहायको उपदफा (५) थपी त्यसपछिका उपदफाक्रम मिलाउनेः-

"(५) बैठकमा आवश्यकता अनुसार विभिन्न क्षेत्र, समुदायका विज्ञ तथा वैज्ञानिकहरुलाई आमन्त्रण गर्न सकिनेछ।"

११. विधेयकको दफा २५ को,-

(१) उपदफा (२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः-

"(घ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य"

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी त्यस पछिको खण्डक्रम मिलाउनेः-

"(ङ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय —सदस्य"

(३) साविकको खण्ड (ज) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (झ) मा रहेको "दश" भन्ने शव्दहरुको सट्टामा "पाँच" भन्ने शव्दहरु राख्ने।

(४) साविकको खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ञ) पछि देहायको खण्ड (ट), (ठ), (ड) थप गरी खण्डक्रम मिलाउनेः

"(ट) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ठ) अध्यक्ष, नेपाल उद्योग परिसंघ -सदस्य

(ड) अध्यक्ष, नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघ -सदस्य"

१२. विधेयकको दफा २६ पछि देहायको दफा २७ थप गरी त्यस पछिका दफाक्रम मिलाउनेः-

"**२७. <u>प्रदेश बजार अनुगमन समिति</u> :** (१) उपभोक्ताको हक, हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरिवेक्षण तथा अनुगमन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश बजार अनुगमन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश बजार अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रदेश बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रदेश बजार अनुगमन समितिको काम, कारबाही सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको नियम बमोजिम हुनेछ ।"

१३. विधेयकको दफा २७ दफाक्रम मिलाउँदा कायम हुने दफा २८ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राख्ने :–

"(१) यस ऐन बमोजिम उपभोक्ताको अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विपषयमा बजारको स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्नको लागि सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यक सङ्ख्यामा स्थानीय तह अन्तर्गतका निकाय तथा उपभोक्ताको समेत प्रतिनिधित्व हुनु पर्नेछ ।"

(२) उपदफा (५) र (६) झिक्ने ।

१४. विधेयकको दफा २९ दफाक्रम मिलाउँदा कायम हुने दफा ३० को,-

(१) उपदफा (१) मा रहेका "अनुचित व्यापारिक" भन्ने शब्दहरु पछि "वा व्यवसायजन्य" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (४) मा रहेका "काम कारबाहीको जानकारी" भन्ने शब्दहरु पछि "त्यसरी लेखी" भन्ने शब्दहरु थप्ने

१५. विधेयकको दफा ३२ दफाक्रम मिलाउँदा कायम हुने दफा ३३ को,-

(१) उपदफा (१) मा रहेका "अधिकार प्राप्त अधिकारीको अनुमतिले त्यस्तो व्यक्तिलाई" भन्ने शब्दहरुको सट्टा "मुद्दा हेर्ने अधिकारीको अनुमतिले अनुसन्धानको लागि" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (५) मा रहेका "दफा ३८" भन्ने शब्दहरुको सट्टा "दफा ३९" भन्ने शब्दहरु राख्ने ।

(३) विधेयकको दफा ३३ दफाक्रम मिलाउँदा कायम हुने दफा ३४ को उपदफा (१) मा रहेका "दफा ३२" भन्ने शब्दहरुको सट्टा "दफा ३३" भन्ने शब्दहरु राख्ने ।

१६. विधेयकको दफा ३४ दफाक्रम मिलाउँदा कायम हुने दफा ३५ को ,-

(१) उपदफा (१) मा रहेका "दफा ३३" भन्ने शब्दहरुको सट्टा "दफा ३४" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "उत्पादक" भन्ने शब्दको सट्टा "उत्पादक, पैठारीकर्ता" भन्ने शब्दहरु राख्ने ।

१७. विधेयकको दफा ३४ दफाक्रम मिलाउँदा कायम हुने दफा ३५ को उपदफा (२) मा रहेको "उत्पादक" भन्ने शब्दको सट्टा "उत्पादक, पैठारीकर्ता" भन्ने शब्दहरु राख्ने ।

१८. विधेयकको दफा ३६ दफाक्रम मिलाउँदा कायम हुने दफा ३७ को,-

(१) उपदफा (१) मा रहेका "दफा ३०" भन्ने शब्दहरुको सट्टा "दफा ३१" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) मा रहेका "जरिबाना गरी" भन्ने शब्दहरुको सट्टा "जरिबाना गर्नेछ र" भन्ने शब्दहरु राख्ने ।

१९. विधेयकको दफा ३७ दफाक्रम मिलाउँदा कायम हुने दफा ३८ को,-

(१) खण्ड (ङ), (च), (छ), (ज) र (ट) मा रहेको "र" भन्ने शव्दको सट्टा "वा" भन्ने शव्द राख्ने ।

(२) खण्ड (ठ) मा "सेवाको विक्री" भन्ने शव्दहरु पछि "वितरण" भन्ने शव्द थप्ने।

(३) खण्ड (ड) मा रहेका "दफा ५३" भन्ने शब्दहरुको सट्टा "दफा ५४" भन्ने शब्दहरु राख्ने ।

२०. विधेयकको दफा ३८ दफाक्रम मिलाउँदा कायम हुने दफा ३९ को ठाउँ ठाउँमा रहेका "दफा ३७" भन्ने शब्दहरुको सट्टा "दफा ३८" भन्ने शब्दहरु राख्ने ।

२१. विधेयकको दफा ३९ दफाक्रम मिलाउँदा कायम हुने दफा ४० को ठाउँ ठाउँमा रहेका "दफा ३७" भन्ने शब्दहरुको सट्टा "दफा ३८" भन्ने शब्दहरु राख्ने ।

२२. विधेयकको दफा ४० दफाक्रम मिलाउँदा कायम हुने दफा ४१ को,-

(१) उपदफा (१) मा रहेका "दफा ३९" भन्ने शब्दहरुको सट्टा "दफा ४०" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) को,-

(क) खण्ड (क) को शुरुमा "नेपाल सरकारले तोकेको" भन्ने शब्दहरु थप्ने ।

(ख) खण्ड (ख) को सट्टामा देहायको खण्ड (ख) राख्नेः

"(ख) नेपाल सरकारले तोकेको, नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितिय श्रेणीको अधिकृत —सदस्य"

(ग) खण्ड (ख) पछि देहायको खण्ड (ग) थप गर्नेः

"(ग) नेपाल सरकारले तोकेको, नेपाल सरकारको राजपत्राङ्कित द्वितिय श्रेणीको अधिकृत —सदस्य"

(३) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश झिकी सो उपदफा पछि देहायको उपदफा (५) थप्ने :–

"(५) उपदफा (३) बमोजिम नेपाल सरकारले जिल्ला न्यायाधीशलाई अदालतको अध्यक्ष तोक्नु अघि न्याय परिषद्को र नेपाल न्याय सेवाको अधिकृतलाई अदालतको सदस्य तोक्नु अघि न्याय सेवा आयोगको परामर्श लिनु पर्नेछ ।"

२३. विधेयकको दफा ४४ दफाक्रम मिलाउँदा कायम हुने दफा ४५ मा रहेको "उपर" भन्ने शव्द पछि "तीस दिनभित्र" भन्ने शव्दहरु थप्ने ।

२४. विधेयकको दफा ४७ दफा क्रम मिलाउँदा कायम हुने दफा ४८ मा रहेका "दफा ४०" भन्ने शब्दहरुको सट्टा "दफा ४१" भन्ने शब्दहरु राख्ने ।

२५. विधेयकको दफा ४८ दफा क्रम मिलाउँदा कायम हुने दफा ४९ मा रहेका "दफा ४०" भन्ने शब्दहरुको सट्टा "दफा ४१" भन्ने शब्दहरु र "दफा ४६" भन्ने शब्दहरुको सट्टा "दफा ४७" भन्ने शब्दहरु राख्ने ।

२६. विधेयकको दफा ५१ दफा क्रम मिलाउँदा कायम हुने दफा ५२ मा रहेका "दफा ५०" भन्ने शब्दहरुको सट्टा "दफा ५१" भन्ने शब्दहरु राखी सो दफामा रहेको व्यवस्थालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप्नेः-

"(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२७. विधेयकको दफा ५५ दफाक्रम मिलाउँदा कायम हुने दफा ५६ को उपदफा (१) मा रहेका "रू १० लाख" भन्ने शव्दहरूको सट्टा "दश लाख रूपैयाँ" भन्ने शव्दहरू राख्ने ।

२८. विधेयकको दफा ५८ दफाक्रम मिलाउँदा कायम हुने दफा ५९ को सट्टा देहायको दफा ५९ राख्नेः-

"५९. **<u>मुद्दाको अनुसन्धान र दायरी</u>** : (१) यस ऐन बमोजिमको कसुर सम्बन्धी मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले अनुसन्धानको काम पुरा भए पछि मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा निरीक्षण अधिकृतले मुद्दा दायर गर्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले मुद्दा दायर गर्दा दफा ४० को उपदफा (१) बमोजिमको सजाय हुने कसूर सम्बन्धी मूद्दाको हकमा विभागको महानिर्देशक समक्ष र दफा ४० को उपदफा (३)

बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको हकमा अदालत गठन भएकोमा अदालत समक्ष र अदालत गठन नभएकोमा सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नेछ ।”

२९. दफा ६१ दफाक्रम मिलाउँदा कायम हुने दफा ६२ को सट्टा देहायको दफा ६२ राखे :-

“६२. **यसै ऐन बमोजिम हुने:** यस ऐनमा लेखिए जति कुरामा यसै बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।"

३०. दफा ६२ दफाक्रम मिलाउँदा कायम हुने दफा ६३ को सट्टा देहायको दफा ६३ राखे :-

“६३. **नियम बनाउन सक्ने** : (१) यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(४) दफा २७ बमोजिम बजार अनुगमन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।"

३१. दफा ६३ दफाक्रम मिलाउँदा कायम हुने दफा ६४ को सट्टा देहायको दफा ६४ राखे :-

“६४. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने** : (१) मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत नेपाल सरकारले बनाएको नियमावलीको कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) दफा २८ बमोजिम बजार अनुगमन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"